# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, पुस २८ गते २०५१ साल ( अतिरिक्ताङ्क ४३

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५१ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**आर्थिक वर्ष २०५१।५२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन**

१२०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**प्रस्तावना : आर्थिक वर्ष २०५१।५२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम : यस ऐनको नाम "विनियोजन ऐन, २०५१" रहेकोछ ।

२. आर्थिक वर्ष २०५१।५२ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०५१।५२ को निमित्त अनुसूची १ बमोजिम सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरुका निमित्त अनुसूची २ को महल ४ मा र अनुसूची ३ को महल ४ मा निर्दिष्ट गरिए बमोजिम जम्मा रुपैयाँ ३६,२५,५१,७८,०००।- (छत्तीस अरब पच्चीस करोड एकाउन्न लाख अठहत्तर हजार) मा नबढाई सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०५१।५२ को निमित्त अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची २ को महल ३ मा र अनुसूची ३ को महल ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको रकम कुनैमा वचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट सो शीर्षकको जम्मा रकम १० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न सक्नेछ ।

9290



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अनुदान संख्या १०-१ देखि १२-७ सम्मको हकमा विनियोजन भएको रकम जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. विनियोजन अध्यादेश, २०५१ निष्कृय भए पछि त्यसको परिणाम : विनियोजन अध्यादेश, २०५१ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

१२९१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १
## नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार सञ्चित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रू.हजारमा) |
| १ | १-१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६०४९७ |
| २ | १-२ | राजपरिषद् | ४५७४ |
| ३ | १-३ | संसद् | २२१० |
| ४ | १-४ | सर्वोच्च अदालत | १६०७० |
| ५ | १-५ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ४८६२ |
| ६ | १-६ | महालेखा परीक्षकको विभाग | २३७९० |
| ७ | १-७ | लोक सेवा आयोग | २६०७९ |
| ८ | १-८ | निर्वाचन आयोग | २७१४७ |
| ९ | ११-१ | साँवा भुक्तानी | २९२९५९० |
| १० | ११-२ | व्याज भुक्तानी | ३३३८६१४ |
| ११ | १२-६-५ | दण्ड जरीवाना फिर्ता | २००० |
| | | जम्मा | ६४३५४३३ |

9292


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २

### दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम (रू.हजारमा) |
| १ | १-३ | संसद | ६११८८ |
| २ | १-९ | महान्यायाधिवक्ताको कार्यालय | ३८१६ |
| ३ | १-१० | न्याय परिषद् | १२६७ |
| ४ | २-१ | मन्त्रिपरिषद् | ११६०७ |
| ५ | २-२ | श्री ५ को सरकारको सचिवालय | २४६६७९ |
| ६ | २-३ | जिल्ला प्रशासन | ९७८२२ |
| ७ | २-४ | प्रहरी | १५९०००० |
| ८ | २-५ | कारागार | ८४१०८ |
| ९ | २-६ | प्रशासन सुधार | १५५०२ |
| १० | २-७ | विविध | ९८०९८ |
| ११ | ३-१ | मालपोत | ११३२९५ |
| १२ | ३-२ | भन्सार | ६५७८५ |
| १३ | ३-३ | बिक्री कर तथा अन्तःशुल्क | २९८४० |
| १४ | ३-४ | कर | २९५९७ |
| १५ | ३-५ | राजश्व न्यायाधिकरण | १५९३ |
| १६ | ३-६ | राजश्व अनुसन्धान | ८१३९ |
| १७ | ३-७ | राजश्व प्रशासन तालीम | ४७४३ |
| १८ | ४-१ | योजना | ४२८३ |
| १९ | ४-२ | तथ्याङ्क | २३५२५ |
| २० | ४-३ | महालेखा नियन्त्रक कार्यालय | ७११७४ |
| २१ | ५-१ | अदालत | १७१०५८ |

१२१३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २२ | ६–१ | वैदेशिक सेवा | ३१८३८० |
| २३ | ६–२ | विविध (परराष्ट्र तर्फ) | ७४०३१ |
| २४ | ७–१ | रक्षा | १९३०५७६ |
| २५ | ७–२ | विविध (रक्षा तर्फ) | ७४६४ |
| २६ | ८–१ | शिक्षा | ३६३६५३८ |
| २७ | ८–२ | स्वास्थ्य | ७०५४२८ |
| २८ | ८–३ | पिउने पानी | १०४०७ |
| २९ | ८–४ | स्थानीय विकास | १५१०९ |
| ३० | ८–५ | अन्य सामाजिक सेवा | १८७०६३ |
| ३१ | ९–१ | कृषि | ६८५९२ |
| ३२ | ९–२ | सिंचाई | ११०८२८ |
| ३३ | ९–३ | भूमिसुधार | ३७११६ |
| ३४ | ९–४ | नापी | ५२४१५ |
| ३५ | ९–५ | वन | ४३२२१२ |
| ३६ | ९–६ | उद्योग तथा खानी | १९७१२३ |
| ३७ | ९–७ | सञ्चार | ३५३०१२ |
| ३८ | ९–८ | यातायात | २१६५४७ |
| ३९ | ९–१० | अन्य आर्थिक सेवाहरु | ३४१२९ |
| ४० | १०–१ | ऋण र लगानी | २१५०० |
| ४१ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मंडलको भ्रमण खर्च | ६०००० |
| ४२ | १२–२ | सेवा निवृत्त सुविधा | ४८८५०० |
| ४३ | १२–३ | अतिथि सत्कार | २००० |
| ४४ | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | २०० |
| ४५ | १२–५ | मुआब्जा | २०००० |
| ४६ | १२–६ | अन्य | ३४४६०० |
| ४७ | १२–७ | भइपरी | १२९७५०० |
| | | जम्मा | १३३५४३८९ |

१२९४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- ३
### दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम (रू.हजारमा) |
| १ | २-६ | प्रशासन सुधार | ५५२०० |
| २ | ४-१ | योजना | ३०२२३ |
| ३ | ४-२ | तथ्याङ्क | २३३९० |
| ४ | ८-१ | शिक्षा | १८९४२६८ |
| ५ | ८-२ | स्वास्थ्य | १३६४६०८ |
| ६ | ८-३ | पिउने पानी | १६२५४६४ |
| ७ | ८-४ | स्थानीय विकास | २६३५८९० |
| ८ | ८-५ | अन्य सामाजिक सेवा | ५८७७०२ |
| ९ | ९-१ | कृषि | २७७४५५० |
| १० | ९-२ | सिंचाई | २३१६४९० |
| ११ | ९-३ | भूमिसुधार | १९९५ |
| १२ | ९-४ | नापी | १८२८२३ |
| १३ | ९-५ | वन | ४८४५६७ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १४ | ९-६ | उद्योग तथा खानी | ३५०४०२ |
| १५ | ९-७ | संचार | १०००८०० |
| १६ | ९-८ | यातायात | ३५३४८९७ |
| १७ | ९-९ | विद्युत | २८७२९३१ |
| १८ | ९-१० | अन्य आर्थिक सेवाहरू | ८७४५८९ |
| १९ | १२-७ | भइपरी | २९०००० |
| | | जम्मा | २२९००७८९ |

लालमोहर सदर मिति :- २०५१।९।२८।५

आज्ञाले

**वेदव्यास क्षेत्री**

श्री ५ को सरकारको सचिव

१२९५

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।